# राहदानी नियमावली, २०६७

(मिति २०७५ फागुन मसान्तसम्म भएका संशोधन समेत मिलाइएको)

नेपाल सरकार

**कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय**

सिंहदरबार

# राहदानी नियमावली, २०६७

नेपाल राजपत्रमा प्रकाशन मिति
२०६७।९।४

संशोधन

| | | |
|---|---|---|
| १. | राहदानी (पहिलो संशोधन) नियमावली, २०७१ | २०७१।५।३० |
| २. | राहदानी (दोस्रो संशोधन) नियमावली, २०७१ | २०७१।९।२१ |
| ३. | राहदानी (तेस्रो संशोधन) नियमावली, २०७२ | २०७३।०१।०६ |

राहदानी ऐन, २०२४ को दफा ७ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "राहदानी नियमावली, २०६७" रहेको छ ।

(२) यो नियमावली नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिएको मितिदेखि लागू हुनेछ ।[λ]

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) ⏭.................

(ख) "नियोग" भन्नाले विदेशस्थित नेपाली राजदूतावास, नेपाली महावाणिज्य दूतावास, वाणिज्य दूतावास, स्थायी नियोग वा विशेष नियोग सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले परराष्ट्र मन्त्रालय सम्झनु पर्छ ।

(घ) "यात्रा अनुमतिपत्र" भन्नाले नियम १५ बमोजिम जारी गरिने यात्रा अनुमतिपत्र सम्झनु पर्छ ।

(ङ) "ऐन" भन्नाले राहदानी ऐन, २०२४ सम्झनु पर्छ ।

📖(च) "विभाग" भन्नाले नियम ३ बमोजिमको राहदानी विभाग सम्झनु पर्छ ।

📖(छ) "सचिव" भन्नाले मन्त्रालयको सचिव सम्झनु पर्छ ।

📖(ज) "महानिर्देशक" भन्नाले विभागको महानिर्देशक सम्झनु पर्छ ।

---

λ २०६७।९।४ को नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार उक्त नियमावली संवत् २०६७ साल पुष ४ देखि लागू हुने गरी तोकिएको ।

⏭ पहिलो संशोधनद्वारा झिकिएको ।

📖 पहिलो संशोधनद्वारा थप ।

📖(झ) "निर्देशक" भन्नाले विभागको निर्देशक सम्झनु पर्छ ।

📖(ञ) "जिल्ला प्रशासन कार्यालय" भन्नाले स्थानीय प्रशासन ऐन, २०२८ को दफा ५ बमोजिमको जिल्ला प्रशासन कार्यालय सम्झनु पर्छ र सो शब्दले जिल्ला प्रशासन कार्यालय मातहतमा रहेको ईलाका प्रशासन कार्यालय समेतलाई जनाउँछ ।

*३. राहदानी विभाग रहने : राहदानी जारी गर्ने, राहदानी सम्बन्धी काम कारवाहीलाई व्यवस्थित रुपले सञ्चालन गर्ने, गराउने लगायतका अन्य काम कारबाही गर्नको लागि मन्त्रालय अन्तर्गत राहदानी विभाग रहनेछ ।

४. कार्यालयको काम : (१) विभागले देहायका कार्य सम्पादन गर्नेछ :-

(क) अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (आइकाओ) को लिखत ९३०३ ले तोकेको मापदण्ड बमोजिमको *मेशिन रिडेवल राहदानी (मेशिन रिडेवल पासपोर्ट), इलेक्ट्रोनिक राहदानी (ई-पासपोर्ट), बायोमेट्रिक राहदानी (बायोमेट्रिक पासपोर्ट) वा जरुरी राहदानी (इमर्जेन्सी पासपोर्ट) जारी गर्ने,

(ख) राहदानीको ढाँचा तयार गरी स्वीकृतिको लागि नेपाल सरकार समक्ष पेश गर्ने र स्वीकृत ढाँचा अनुरुपको राहदानी वितरण गर्ने,

(ग) राहदानीको लागि परेको निवेदन उपर आवश्यक छानबिन गरी राहदानी जारी गर्ने,

(घ) यात्रा अनुमतिपत्रको लागि निवेदन लिने र यात्रा अनुमतिपत्र जारी गर्ने,

(ङ) जारी गरेको राहदानी तथा यात्रा अनुमतिपत्र सम्बन्धी अभिलेख विद्युतीय स्वरुपमा सुरक्षित राख्ने,

(च) राहदानी 📖छपाई तथा व्यवस्थापन सम्बन्धी आवश्यक अन्य कार्य गर्ने,

📖(च१) राहदानीको लागि परेका विद्युतीय निवेदन तथा विवरण संकलन गर्ने,

📖(च२) इलेक्ट्रोनिक राहदानीमा राहदानी बाहकको व्यक्तिगत विवरण सहितको उपकरण (चिप्स वा माइक्रोचिप्स) राख्ने,

---

📖 पहिलो संशोधनद्वारा थप ।

* पहिलो संशोधनद्वारा संशोधित ।

(छ) नेपाल सरकारले तोकेको अन्य कार्य गर्ने ।

(२) विभागले यस नियमावली बमोजिम साधारण राहदानी जारी गर्ने अधिकार नेपाल सरकारका अन्य कुनै निकाय वा नियोगहरुलाई प्रत्यायोजन गर्न सक्नेछ ।

५. राहदानीको प्रकार : विदेश यात्रा गर्ने नेपाली नागरिकलाई देहाय बमोजिमको राहदानी जारी गर्न सकिनेछ :-

(क) कूटनीतिक राहदानी,

(ख) विशेष राहदानी,

(ग) साधारण राहदानी ।

६. राहदानीको वाहिरी पृष्ठको रङ्ग : (१) नियम ५ बमोजिम जारी गरिने राहदानीको बाहिरी पृष्ठको रङ्ग देहाय बमोजिम हुनेछ :-

(क) कूटनीतिक राहदानी रातो सिम्रिक रङ्ग,

(ख) विशेष राहदानी नीलो आकाशे रङ्ग,

(ग) साधारण राहदानी हरियो रङ्ग ।

(२) राहदानीको बाहिरी पृष्ठमा जुन प्रकारको राहदानी हो सोको पहिचान गराउने विवरण र नेपाल सरकारको निशाना छाप छापिएको हुनेछ ।

७. राहदानीको लागि निवेदन दिने : *(१) राहदानी लिन चाहने नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाणपत्रको सक्कल र त्यसको प्रतिलिपि सहित अनुसूची-१ बमोजिमका विभाग, नियोग वा जिल्ला प्रशासन कार्यालय समक्ष अनुसूची-२ बमोजिमको ढाँचामा तीन प्रति निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दिइने निवेदनमा अनुसूची-३ मा तोकिए बमोजिमको चार प्रति फोटो तथा अनुसूची-४ बमोजिमको दस्तुर संलग्न गर्नु पर्नेछ ।

(३) नेपाली नागरिकका सोह्र वर्ष उमेर नपुगेका नावालिग सन्तानले राहदानी लिनु परेमा निजको हकमा निजको बाबु, आमा वा संरक्षकले 📖हालसालै खिचेको फोटो सहितको नावालिग परिचयपत्र र त्यसको प्रतिलिपि तथा संरक्षक भएको व्यहोरा खुल्ने लिखत सहित उपनियम (१) बमोजिम निवेदन दिनु पर्नेछ । यसरी निवेदन दिदा नावालिगको बाबु, आमा वा संरक्षकको नागरिकताको प्रमाणपत्र संलग्न गर्नु पर्नेछ ।

---

* पहिलो संशोधनद्वारा संशोधित ।

📖 पहिलो संशोधनद्वारा थप ।

८. <u>राहदानी जारी गर्ने</u> : (१) नियम ७ बमोजिम राहदानीका लागि ⏭............... जिल्ला प्रशासन कार्यालय वा नियोगमा परेका निवेदन उपर सो कार्यालय वा नियोगले प्राप्त कागजातहरु छानबिन गर्दा राहदानी जारी गर्न उपयुक्त हुने देखेमा सोको अभिलेख राखी सिफारिस सहित एक प्रति सक्कल निवेदन, फोटो तथा कागजात सहित विभागमा पठाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम राहदानीको निवेदन उपर छानबिन गर्दा आवश्यक कागजात पर्याप्त नभएकोले निवेदकलाई राहदानी जारी गर्न उपयुक्त नहुने भएमा सोको जानकारी क्षेत्रीय प्रशासन कार्यालय, जिल्ला प्रशासन कार्यालय वा नियोगले निवेदकलाई निवेदन दर्ता गर्दा कै बखत दिनु पर्नेछ ।

(३) ⏭................. जिल्ला प्रशासन कार्यालय वा नियोगले उपनियम (१) बमोजिम सिफारिस सहित कागजातहरु विभागमा पठाउँदा राहदानीको लागि परेका निवेदन उपर छानबिन समाप्त भएको मितिले सामान्यतया एक हप्ताभित्रमा पठाई सक्नु पर्नेछ ।

(४) यस नियम बमोजिम विभाग समक्ष प्राप्त हुन आएका निवेदन तथा कागजात उपर आवश्यक छानबिन गरी नियम ९ बमोजिमको ढाँचामा विभागले ➔............... राहदानी जारी गर्नु पर्नेछ ।

🕮(५) निवेदकले नियम ७ बमोजिम दिएको निवेदनमा राहदानीको लिङ्ग सम्बन्धी महलमा महिला वा पुरुष बाहेक अन्य लिङ्ग उल्लेख गरेको भएमा र सम्बन्धित निवेदकको नागरिकताको प्रमाणपत्रमा समेत त्यस्तो व्यहोरा उल्लेख भएको पाइएमा सोही बमोजिमको लैङ्गिक पहिचान उल्लेख गरी राहदानी जारी गरिनेछ ।

🕮८क. <u>निवेदन संकलन गर्न सक्ने</u> : (१) मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि लागू हुने गरी विभागले विद्युतीय माध्यमबाट राहदानीको लागि निवेदन संकलन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन दर्ता गर्ने, आवश्यक विवरण तोक्ने लगायतका अन्य कार्यविधि मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

🕮८ख. <u>हस्तलिखित राहदानी अमान्य गर्न सक्ने</u> : यो नियमावली प्रारम्भ हुनु अघि जारी गरिएका हस्तलिखित राहदानी मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिएको मितिदेखि अमान्य गर्न सक्नेछ ।

९. <u>राहदानीको ढाँचा</u> : यस नियमावली बमोजिम जारी गरिने मेशिन रिडेवल ■<u>वा इलेक्ट्रोनिक</u> राहदानीको ढाँचा नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

---

⏭ पहिलो संशोधनद्वारा झिकिएको ।

➔ तेस्रो संशोधनद्वारा झिकिएको ।

🕮 पहिलो संशोधनद्वारा थप ।

■ तेस्रो संशोधनद्वारा थप ।

१०. राहदानी जारी गर्न इन्कार गर्न सक्ने : (१) नियम ८ मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित निकायबाट लेखिआएमा देहायका व्यक्तिलाई विभागले राहदानी जारी गर्न इन्कार गर्न सक्नेछ :-

(क) राहदानी तथा अध्यागमन सम्बन्धी कसूरमा कानून बमोजिम मुद्दा चलिरहेको वा अदालतबाट कसूरदार ठहर भई सजाय भोगी रहेको,

(ख) बैंक तथा वित्तीय संस्थाको ऋृण तिर्न नसकी प्रचलित कानून बमोजिम कालो सूचीमा परेको,

(ग) भ्रष्टाचार वा सम्पत्ति शुद्धीकरणको अभियोगमा मुद्दा चलिरहेको वा अदालतबाट कसूरदार ठहर भई सजाय भोगी रहेको,

(घ) मानव बेचविखन वा अपहरण वा लागु औषधिको कारोवार सम्बन्धी कसूरमा मुद्दा चलिरहेको वा अदालतबाट कसूरदार ठहर भई सजाय भोगी रहेको,

(ङ) अदालतबाट विदेश जान रोक लगाएको वा राहदानी जारी नगर्न आदेश भएको,

(च) कानून बमोजिम राहदानी रोक्का राख्ने वा जारी नगर्ने व्यवस्था भएको ।

(२) विभागले उपनियम (१) बमोजिम राहदानी जारी गर्न इन्कार गरेमा सोको सूचना सम्बन्धित निवेदकलाई तीन दिनभित्र दिनु पर्नेछ ।

(३) उपनियम (१) को खण्ड (क), (ग) र (घ) बमोजिमका कसूरमा अदालतबाट सफाइ पाएमा वा कानून बमोजिमको सजाय भुक्तान भई सकेपछि त्यस्ता नेपाली नागरिकलाई राहदानी जारी गर्न यस नियमले बाधा पुऱ्याएको मानिने छैन ।

(४) उपनियम (१) को खण्ड (ख), (ङ) र (च) बमोजिमको अवस्था विद्यमान छैन भनी सम्बन्धित निकायबाट लेखिआएमा त्यस्ता नेपाली नागरिकलाई राहदानी जारी गर्न बाधा पर्ने छैन ।

११. राहदानी वितरण : (१) यस नियमावली बमोजिम राहदानीको लागि कुनै व्यक्तिको निवेदन प्राप्त भएमा सम्बन्धित निवेदकलाई विभागले राहदानी प्रदान गर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नियम ७ बमोजिम ⏭..............., जिल्ला प्रशासन कार्यालय वा नियोगमार्फत विभागमा

⏭ पहिलो संशोधनद्वारा झिकिएको ।

राहदानीको लागि निवेदन प्राप्त भएमा विभागले सम्बन्धित ⏭..............., जिल्ला प्रशासन कार्यालय वा नियोग मार्फत सम्बन्धित निवेदकलाई राहदानी वितरण गर्ने गरी पठाउन सक्नेछ ।

तर निवेदकले कार्यालयबाट नै राहदानी बुझी लिन चाहेमा निवेदकको पहिचान हुने विवरणको प्रतिलिपि लिई सम्बन्धित निवेदकलाई कार्यालयबाट राहदानी प्रदान गर्न सकिनेछ ।

*१२. कूटनीतिक राहदानी : (१) सरकारी कामको सिलसिलामा विदेश भ्रमणमा जाने देहायका पदाधिकारीलाई सम्बन्धित संवैधानिक निकाय वा मन्त्रालय वा सचिवालय वा अदालत वा कार्यालयबाट लेखि आएमा विभागले कूटनीतिक राहदानी जारी गर्नेछ :-

(क) राष्ट्रपति,

(ख) उप-राष्ट्रपति,

(ग) प्रधानमन्त्री,

(घ) प्रधान न्यायाधीश,

(ङ) संविधानसभाका अध्यक्ष/व्यवस्थापिका-संसदका सभामुख,

(च) उप-प्रधानमन्त्री,

(छ) मन्त्री,

(ज) व्यवस्थापिका-संसदमा विपक्षी दलका नेता,

(झ) संविधानसभाका उपाध्यक्ष / व्यवस्थापिका-संसदका उपसभामुख,

(ञ) राज्य मन्त्री, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, नेपाल प्रज्ञा प्रतिष्ठानहरुका कुलपति,

(ट) सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषद्का सदस्य,

(ठ) सहायक मन्त्री, संविधानसभा/व्यवस्थापिका-संसदका सदस्य,

(ड) संवैधानिक निकायका प्रमुख, महान्यायाधिवक्ता, नेपाल सरकारका मुख्य सचिव, प्रधान सेनापति, संविधानसभा/व्यवस्थापिका-संसदका महासचिव,

---

⏭ पहिलो संशोधनद्वारा झिकिएको ।

* पहिलो संशोधनद्वारा संशोधित ।

(ढ) पुनरावेदन अदालतका मुख्य न्यायाधीश, राष्ट्रिय योजना आयोगका सदस्य, संवैधानिक निकायका पदाधिकारी, नेपाल राष्ट्र बैंकका गभर्नर, विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष, विश्व विद्यालय र प्रज्ञा-प्रतिष्ठानहरुका उपकुलपति,

(ण) नेपाल सरकारका सचिव वा नेपाल सरकारका विशिष्ट श्रेणीका कर्मचारी, पुनरावेदन अदालतका न्यायाधीश,

(त) नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाल विशेष सेवाका विशिष्ट श्रेणी सरहका अधिकृतहरु,

(थ) नेपाली राजदूत, संयुक्त राष्ट्र संघका लागि नेपालका स्थायी प्रतिनिधि, नियोग प्रमुख र निजका परिवार,

(द) जिल्ला विकास समितिका सभापति (निर्वाचित), महानगरपालिकाका प्रमुख (निर्वाचित),

(ध) परराष्ट्र मन्त्रालय र यस अन्तर्गतका विभाग वा कार्यालयमा कार्यरत राजपत्राङ्कित अधिकृत कर्मचारीहरु,

(न) नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय बमोजिम राष्ट्रपतिको राजकीय, औपचारिक तथा अनौपचारिक विदेश भ्रमण एवं उपराष्ट्रपति र प्रधानमन्त्रीको औपचारिक तथा अनौपचारिक विदेश भ्रमणमा संलग्न हुने भ्रमण दलका सदस्य,

(प) नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय बमोजिम संयुक्त राष्ट्र संघको साधारण सभा, विशेष सभा र सो संघको अन्य विशिष्टीकृत निकायको साधारण सभा, एसियाली विकास बैंकको साधारण सभा, दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क), बिमस्टेकको शिखर सम्मेलन लगायत अन्तर्राष्ट्रिय तथा क्षेत्रीय शिखर सम्मेलनमा भाग लिन नेपाल सरकारको प्रतिनिधित्व गरी भ्रमण दलमा जाने सदस्य,

(फ) नियोगमा खटिई जाने नेपाल सरकारका कर्मचारी र निजका परिवारका सदस्य,

▶स्पष्टीकरण: यस खण्डको प्रयोजनको लागि "परिवारका सदस्य" भन्नाले "निजसँग बस्ने तथा निज आफैले पालन पोषण गर्नुपर्ने पति, पत्नी, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा वा विवाहित महिला कर्मचारीको हकमा निजको सासु, ससुरा सम्झनु पर्दछ ।

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

(ब) नेपाल सरकारको प्रतिनिधित्व गरी विशेष नियोगमा खटिई जाने व्यक्ति,

(भ) नेपाल सरकारका परराष्ट्र मन्त्रीस्तरीय निर्णयद्वारा कुनै खास प्रयोजनका लागि कूटनीतिक राहदानी दिने गरी तोकिएको व्यक्ति ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेश भ्रमणमा जान चाहने देहायका व्यक्तिले सम्बन्धित संवैधानिक निकाय वा मन्त्रालय वा सचिवालय वा अदालत वा कार्यालयको सिफारिस सहित कूटनीतिक राहदानी माग गरेमा विभागले पाँच वर्षको म्याद राखी कूटनीतिक राहदानी जारी गर्नेछ :-

(क) पूर्व राष्ट्रपति,

(ख) पूर्व उपराष्ट्रपति,

(ग) पूर्व प्रधानमन्त्री

(घ) पूर्व प्रधान न्यायाधीश,

(ङ) संविधानसभाका पूर्व अध्यक्ष / व्यवस्थापिका-संसदका सभामुख,

(च) पूर्व परराष्ट्र मन्त्री ।

(३) उपनियम (२) बमोजिमका कूटनीतिक राहदानी पाउने पूर्व पदाधिकारीले आफूसाथ भ्रमणमा आफ्नो पति वा पत्नी लैजान चाहेमा निजको पति वा पत्नीलाई सम्बन्धित संवैधानिक निकाय वा मन्त्रालय वा सचिवालय वा अदालत वा कार्यालयको सिफारिस भई आएमा निजलाई समेत विभागले बढीमा एक वर्षको अवधि कायम राखी कूटनीतिक राहदानी जारी गर्न सक्नेछ ।

(४) सरकारी कामको सिलसिलामा विदेश भ्रमण गर्दा कूटनीतिक राहदानी पाउने पदाधिकारीको पति वा पत्नी साथमा जानु पर्ने भएमा वा निजले साथमा लैजान चाहेमा भ्रमणमा जाने पदाधिकारी कार्यरत संवैधानिक निकाय वा मन्त्रालय वा सचिवालय वा अदालत वा कार्यालयबाट सिफारिस भई आएमा निजलाई समेत बढीमा एक वर्षको अवधि कायम राखी कूटनीतिक राहदानी जारी गर्न सकिनेछ ।

(५) संयुक्त राष्ट्र संघ वा सो संघको विशिष्टीकृत निकाय, एसियाली विकास बैंक लगायत सोही प्रकारका नेपाल सदस्य रहेको अन्य अन्तरसरकारी संगठनहरुमा सहायक महासचिव वा सो सरह वा सो भन्दा माथिको पदमा कार्यरत नेपाली नागरिक र निजको पति वा पत्नीलाई निज कार्यरत पदको

पदावधि समेतलाई मध्यनजर गर्दै विभागले बढीमा पाँच वर्षसम्मको लागि कूटनीतिक राहदानी जारी गर्न सक्नेछ ।

(६) नेपालको तर्फबाट नियुक्त दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) का महासचिव, बिमस्टेकका महासचिव र निजको परिवारका सदस्यलाई निजको पदावधिभरको लागि विभागले कुटनीतिक राहदानी जारी गर्न सक्नेछ ।

(७) उपनियम (१) बमोजिम जारी हुने राहदानीको बहाल अवधि राहदानी बाहकको हाल कार्यरत पदको पदावधि वा सेवा समेतलाई ध्यानमा राखी विभागले निर्धारण गरे बमोजिम हुनेछ ।

(८) उपनियम (१) को खण्ड (न) र (प) बमोजिम भ्रमणमा सहभागी हुने भ्रमणदलका सदस्यलाई कूटनीतिक राहदानी जारी गर्दा सामान्यतया एक वर्षको म्याद राखी कूटनीतिक राहदानी जारी गरिनेछ र त्यस्ता भ्रमणमा सहभागी हुने भ्रमणदलका सदस्यमध्ये यो नियमावली बमोजिम कूटनीतिक राहदानी पाउने पदाधिकारी बाहेकका व्यक्तिले त्यस्तो भ्रमण समाप्त भएको मितिले पन्ध्र दिनभित्र आफ्नो नाममा जारी भएको कूटनीतिक राहदानी विभागमा फिर्ता गर्नु पर्नेछ । सो समयभित्र फिर्ता नगरेमा विभागले उक्त राहदानी रद्द गर्नेछ ।

(९) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, मन्त्रिपरिषद् वा परराष्ट्र मन्त्रीस्तरीय निर्णयद्वारा कूटनीतिक राहदानी दिने भनी निर्णय भएका व्यक्तिलाई विभागले एक वर्षदेखि पाँच वर्षसम्मको अवधि रहने गरी कूटनीतिक राहदानी जारी गर्न सक्नेछ ।

(१०) यस नियमावली बमोजिम कूटनीतिक राहदानी लिई विदेशमा कार्यरत रहेको व्यक्ति कार्यरत रहेकै बखत निजको पदावधि समाप्त हुने रहेछ भने निजको हकमा अवकाश हुने मितिमा बढीमा छ महिना थप गरी कूटनीतिक राहदानी जारी गर्न सकिनेछ । त्यस्तो सुविधा कूटनीतिक राहदानी प्राप्त गरी विदेशमा बसिरहेका निजको परिवारको सदस्य समेतलाई प्राप्त हुनेछ ।

(११) कूटनीतिक राहदानी जारी गर्दा कुनै दस्तुर लाग्ने छैन ।

*१३. विशेष राहदानी : (१) नेपाल सरकारबाट मनोनयन भई सरकारी काम वा अध्ययन वा अध्ययन भ्रमण वा तालीमको सिलसिलामा विदेश भ्रमणमा जाने देहायका पदाधिकारीलाई संवैधानिक निकाय वा मन्त्रालय वा सचिवालय वा अदालत वा कार्यालयबाट लेखी आएमा विभागले विशेष राहदानी जारी गर्नेछ ।

(क) नियम १२ बमोजिम कूटनीतिक राहदानी पाउने पदाधिकारी बाहेकका निजामती सेवा, नेपाल स्वास्थ्य सेवा,

* पहिलो संशोधनद्वारा संशोधित ।

व्यवस्थापिका-संसद सेवा, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा विशेष सेवाका अधिकृत,

(ख) जिल्ला अदालतका न्यायाधीश,

(ग) जिल्ला विकास समितिका उपसभापति, महानगरपालिकाका उपप्रमुख वा उप महानगरपालिका तथा नगरपालिकाका प्रमुख,

(घ) नेपाल राष्ट्र बैंकका डेपुटी गर्भनर,

(ङ) प्रचलित ऐन वा नेपाल सरकारको कार्यकारी आदेशद्वारा गठित आयोगका पदाधिकारीहरु ।

(२) उपनियम (१) बमोजिम जारी हुने राहदानीको बहाल अवधि राहदानी बाहकको सेवा अवधि वा पदावधि समेतलाई ध्यानमा राखी त्यस्तो कर्मचारी अवकाश हुने मितिभन्दा बढी अवधि बहाल नरहने गरी बढीमा दश वर्षसम्मको अवधि कायम रहने गरी जारी गर्न सकिनेछ । तर त्यस्तो राहदानी बाहक विदेशमा नेपाल सरकारबाट खटाई कार्यरत रहेकै बखत पदावधि समाप्त हुने रहेछ भने निजका हकमा अवकाश हुने मितिमा बढीमा छ महिना थप गरी जारी गर्न सकिनेछ ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै खास प्रयोजनको लागि सम्बन्धित संवैधानिक निकाय वा मन्त्रालय वा अदालत वा सचिवालय वा कार्यालयबाट विशेष राहदानी दिनको लागि सिफारिस भई आएमा नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयद्वारा विशेष राहदानी दिने भनी निर्णय भएका पदाधिकारी वा विशेष व्यक्तिलाई विभागले पदाधिकारीको पदावधि अनुसार एक वर्षदेखि बढीमा पाँच वर्षको अवधि कायम रहने गरी विशेष राहदानी जारी गर्न सक्नेछ ।

(४) नेपाल सरकारबाट मनोनयन भई छात्रवृत्तिमा अध्ययन गर्न वा अध्ययन भ्रमण वा तालीमका सिलसिलामा विदेश जाने अन्य कर्मचारीलाई विशेष राहदानी जारी गर्न सकिनेछ ।

(५) संयुक्त राष्ट्र संघ शान्ति सेनामा खटी जाने नेपाली सेना, सशस्त्र प्रहरी तथा नेपाल प्रहरीका कर्मचारीको लागि सम्बन्धित निकायबाट अनुरोध भई आएमा विशेष राहदानी जारी गर्न सकिनेछ ।

(६) विशेष राहदानी जारी गर्दा कुनै दस्तुर लाग्ने छैन ।

१४. साधारण राहदानी : (१) विभागले नेपाली नागरिक तथा सोह्र वर्ष उमेर नपुगेका निजका सन्तानलाई साधारण राहदानी जारी गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको राहदानी जारी भएको मितिबाट दश वर्षसम्म वहाल रहनेछ ।

■तर दश वर्षभन्दा कम उमेरका नाबालकको राहदानी जारी भएको मितिबाट पाँच वर्षसम्म बहाल रहनेछ ।

(३) ⏭.................

(४) ⏭.................

(५) विभागले द्रुत सेवा मार्फत साधारण राहदानी जारी गर्न सक्नेछ र यस्तो राहदानी जारी गर्दा दोब्बर दस्तुर लाग्नेछ ।

🕮(६) विभागले आकस्मिक, द्रुत वा यसै प्रकारका अन्य विशेष सेवा दिई साधारण राहदानी जारी गर्न सक्नेछ ।

🕮(७) उपनियम (६) बमोजिमको राहदानी बापत अनुसूची-४ मा उल्लेख भए बमोजिमको दस्तुर लाग्नेछ ।

१५. <u>यात्रा अनुमतिपत्र</u> : (१) देहायको अवस्थामा यात्रा अनुमतिपत्र जारी गर्न सकिनेछ :-

(क) विदेशमा रहेको कुनै नेपाली राहदानी वाहकको राहदानी हराएको वा नासिएको कारणले नेपाल फर्कन असमर्थ भएको कारण र प्रमाण सहित राहदानी प्राप्त गर्नको लागि आवश्यक पर्ने प्रक्रिया पूरा गरी सम्बन्धित देशको वा नजिकको नियोग समक्ष निवेदन दिएमा,

(ख) खण्ड (क) बमोजिम नियोग नभएको देशमा भए निजको परिवारको सदस्यले सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सिफारिसको आधारमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको पत्र सहित राहदानी प्राप्त गर्नका लागि अपनाउनु पर्ने सबै प्रकृया पूरा गरी कार्यालय समक्ष निवेदन दिएमा,

(ग) नेपाल सरकारबाट स्वीकृति प्राप्त गरी नेपालमा रहेका शरणार्थी विदेश भ्रमणमा जानको लागि गृह मन्त्रालयको सिफारिस वा नेपालमा विदेशी नियोग नभएका मुलुकका विदेशी नागरिकले राहदानी हराएको वा नासिएको कारणले आफ्नो देशमा फिर्ता हुन नसकेको कारण दर्शाई राहदानी हराएको वा नासिएको प्रहरी प्रतिवेदन तथा अन्य आवश्यक प्रमाण सहित निवेदन दिएमा,

---

■ तेस्रो संशोधनद्वारा थप ।
⏭ पहिलो संशोधनद्वारा झिकिएको ।
🕮 पहिलो संशोधनद्वारा थप ।

(घ) विदेशी नागरिकद्वारा धर्मपुत्र वा धर्मपुत्री ग्रहण गरिएका नेपाली बालबालिकाको हकमा त्यस्तो नागरिकको मुलुकको नियोग नेपालमा नभएमा वा त्यस्तो नियोगले राहदानी वा यात्रा अनुमतिपत्र जारी नगर्ने भएमा त्यस्तो विदेशी नागरिकले महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको सिफारिस सहित ➔........... विभाग समक्ष निवेदन दिएमा ।

(२) यात्रा अनुमतिपत्रको बाहिरी पृष्ठको रङ्ग कालो हुनेछ ।

(३) उपनियम (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा निवेदन दिने व्यक्तिलाई यात्रा अनुमतिपत्र जारी गर्न उपयुक्त देखेमा विभागले यात्रा अनुमतिपत्र जारी गर्न सक्नेछ ।

(४) उपनियम (१) बमोजिम जारी गरिने यात्रा अनुमतिपत्र वहाल रहने अवधि त्यस्तो अनुमतिपत्र जारी गर्ने अधिकारीले तोके बमोजिम हुनेछ ।

(५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै नेपाली नागरिक विदेशमा राहदानी हराई बेखर्ची वा बेसहारा भई अलपत्र परेमा निजको तत्काल उद्धार गरी पठाउन नि:शुल्क 🕮एकपानाको एकतर्फी यात्रा अनुमतिपत्र जारी गर्न सकिनेछ ।

🕮(६) नियोगले नेपाली बाबु आमाका विदेशमा जन्मेका नाबालक छोराछोरीलाई आफूसँगै नेपाल फर्कने प्रयोजनका लागि एकपटक एकपानाको एकतर्फी यात्रा अनुमतिपत्र दिन सक्नेछ ।

तर नेपाली बाबु र विदेशी आमा तथा नेपाली आमा र विदेशी बाबुबाट विदेशमा जन्मेका नाबालक छोराछोरीलाई आफूसँगै नेपाल फर्कने प्रयोजनका लागि एकपटक एकपानाको एकतर्फी यात्रा अनुमतिपत्र दिन यस उपनियमले बाधा पुऱ्याएको मानिने छैन ।

🕮(७) उपनियम (६) बमोजिम यात्रा अनुमतिपत्र माग गर्दा नेपाली बाबु-आमाको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, नेपाली राहदानीको प्रतिलिपि र सम्बन्धित देशको सम्बन्धित निकायबाट जारी भएको नाबालकको जन्मदर्ता प्रमाणपत्र संलग्न गर्नु पर्नेछ ।

🕮(८) उपनियम (५) र (६) बमोजिम जारी भएको यात्रा अनुमतिपत्रको अवधि बढीमा तीन महिनाको हुनेछ ।

🕮(९) उपनियम (५) र (६) बमोजिम जारी गरिने यात्रा अनुमतिपत्रको ढाँचा अनुसूची-६ बमोजिमको हुनेछ ।

---

➔ तेस्रो संशोधनद्वारा झिकिएको ।

🕮 पहिलो संशोधनद्वारा थप ।

१६. अस्थायी राहदानी : (१) विदेशमा रहेको नेपाली राहदानी वाहकको राहदानी बहाल रहने अवधि समाप्त भएमा, राहदानी हराएमा वा नासिएमा वा झुत्रो भएको कारणले प्रयोग गर्न नसकिने भई नयाँ राहदानी बनाउनको लागि निवेदन दिएमा निजलाई मेशिन रिडेवल राहदानी जारी नहुन्जेलसम्मका लागि नियोगबाट अस्थायी राहदानी जारी गर्न सकिनेछ ।

(२) उपनियम (१) बमोजिमको राहदानी जारी भएको मितिबाट सामान्यतया *अठार महिनासम्म वहाल रहनेछ ।

(३) अस्थायी राहदानीको ढाँचा मन्त्रालयले तोके बमोजिम हुनेछ ।

(४) निवेदकलाई नयाँ राहदानी प्रदान गर्दा नियोगले अस्थायी राहदानी खिची रद्द गर्नु पर्नेछ ।

१७. राहदानी वा यात्रा अनुमतिपत्र दस्तुर : (१) साधारण राहदानी, यात्रा अनुमतिपत्र वा अस्थायी राहदानी लिन चाहने व्यक्तिले अनुसूची-४ बमोजिमको दस्तुर बुझाउनु पर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष परिस्थिति परेकोमा वाहेक पाना च्यातिएको, केरमेट भएको वा अन्य कारणले राहदानीमा क्षति पुऱ्याएको वा हराएको कारणले नयाँ राहदानी लिनु पर्दा त्यस्तो राहदानी वापत यस नियमावली बमोजिम लाग्ने दस्तुरमा दोब्बर दस्तुर लिई नयाँ राहदानी जारी गर्नु पर्नेछ ।

स्पष्टीकरण : यस नियमको प्रयोजनको लागि "विशेष परिस्थिति" भन्नाले आगलागी, भूकम्प, बाढी जस्ता प्राकृतिक प्रकोपको स्थितिलाई जनाउनेछ ।

१८. नयाँ राहदानी जारी नगरिने : (१) एकपटक एउटा राहदानी जारी गरेको राहदानी वाहकलाई निजको नाममा रहेको राहदानी वहाल रहेको अवधिभर अर्को राहदानी जारी गरिने छैन ।

तर देहायको अवस्थामा नयाँ राहदानी जारी गर्न सकिनेछ :-

(क) कूटनीतिक वा विशेष राहदानी बाहकले त्यस्तो राहदानी बाहेक साधारण राहदानी प्राप्त गर्न निवेदन दिएमा,

(ख) साधारण राहदानी बाहकले कूटनीतिक वा विशेष राहदानी प्राप्त गर्न निवेदन दिएमा,

(ग) राहदानी पुरानो भई पढ्न नसकिने भएमा वा च्यातिई झुत्रो भएमा,

---

* पहिलो संशोधनद्वारा संशोधित ।

*(घ) राहदानीको सबै पानाहरु प्रयोग भइसकेमा,

*(ङ) राहदानी बहाल रहने अवधि बाँकी हुँदै राहदानी हराएमा सो हराएको राहदानीको विवरण नेपालका ➔………… कुनै दैनिक पत्रिका मार्फत सार्वजनिक सूचना प्रकाशन भएको मितिले एक हप्ता समाप्त भएपछि स्थानीय प्रहरी कार्यालयबाट राहदानी खोज तलास गर्दा फेला नपरी हराएको पुष्टी हुने गरी जारी गरिएको प्रहरी प्रतिवेदन र ➔………… दैनिक पत्रिकामा प्रकाशित सूचनाको सक्कल प्रति सहित निवेदन पर्न आएमा,

तर विदेशमा राहदानी हराएको अवस्थामा आफूलाई पायक पर्ने नजिकको नेपाली नियोगमा प्रहरी प्रतिवेदन, हराएको राहदानीको प्रतिलिपि, नागरिकता प्रमाणपत्रको सक्कल र प्रमाणित प्रति समेत संलग्न गरी तोकिएको दस्तुर सहित निवेदन दिन सकिनेछ ।

(च) साधारण राहदानी वहाल रहने अवधि समाप्त भएमा वा *हस्तलिखित राहदानी बुझाई नयाँ राहदानी लिन निवेदन पर्न आएमा,

■(च१) विभागबाट तयार भइसकेको राहदानी सम्बन्धित व्यक्तिलाई वितरण नहुँदै हराएमा,

(छ) नियम १५ को उपनियम (१) को खण्ड (क) को आधारमा प्राप्त गरेको यात्रा अनुमतिपत्र र नियम १६ बमोजिम प्राप्त गरेको अस्थायी राहदानी पेश गरेमा ।

(२) उपनियम (१) बमोजिम नयाँ राहदानी लिंदा नियम ७ बमोजिमको प्रक्रिया पूरा गरेको हुनु पर्नेछ ।

📖(३) उपनियम (१) को खण्ड (ङ) बमोजिमको अवस्था परी नयाँ राहदानी जारी गर्दा अनुसूची-४ बमोजिमको दस्तुर लाग्नेछ ।

📖१८क. नयाँ राहदानी जारी गर्न सकिने विशेष व्यवस्था : (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कसैले पहिले जारी भएको राहदानीमा उल्लिखित नाम, थर, जन्म मिति वा ठेगानाबाट विदेशमा आफ्नो अभिलेख खडा

---

* पहिलो संशोधनद्वारा संशोधित ।

➔ तेस्रो संशोधनद्वारा झिकिएको ।

■ तेस्रो संशोधनद्वारा थप ।

📖 पहिलो संशोधनद्वारा थप ।

भइसकेकोमा आफ्नो नागरिकताको प्रमाणपत्रमा उल्लिखित नाम, थर, जन्म मिति वा ठेगाना भन्दा फरक रुपमा राहदानीमा उल्लेख भएमा त्यस्तो सामान्य अक्षर (स्पेलिङ) वा अङ्क नमिलेको भनी कारण खुलाई आवश्यक कागजात सहित ➔................ नयाँ राहदानी जारी गर्न विभाग, नियोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा निवेदन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा नियोगले निवेदन सहितको विवरण विभागमा पठाउनु पर्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम निवेदन प्राप्त भएमा आवश्यक छानबिन गरी विभागले पुरानो राहदानीको विवरण सच्याई नयाँ राहदानी जारी गर्न सक्नेछ ।

(४) उपनियम (३) बमोजिम नयाँ राहदानी जारी गर्दा अनुसूची-४ बमोजिमको दस्तुर लाग्नेछ ।

१९. राहदानी रद्द गरेको सूचना गर्नु पर्ने : (१) नियम १८ को उपनियम (१) को खण्ड (ङ) बमोजिम नयाँ राहदानी जारी गर्दा हराएको राहदानीको नम्बर र जसको नाममा राहदानी जारी गरिएको हो सोको विवरण खुलाई हराएको राहदानी रद्द गरिएको सूचना विभागले नेपाल सरकारको सम्बन्धित कार्यालय तथा नेपालस्थित विदेशी नियोग र नेपाल स्थित इन्टरपोलको कार्यालयलाई दिनु पर्नेछ ।

(२) कुनै नेपाली नागरिकको राहदानी विदेशमा हराई नयाँ राहदानीका लागि नियोगमा निवेदन पर्न आएकोमा त्यस्तो नियोगले हराएको राहदानीको नम्बर र जसको नाममा राहदानी जारी गरिएको हो सो विवरण खुलाई हराएको राहदानी रद्द गरिएको सूचना विभाग, स्थानीय अध्यागमन कार्यालय तथा विदेशी नियोगलाई दिनु पर्नेछ ।

(३) नियम १८ को उपनियम (१) बमोजिम नयाँ राहदानी जारी गर्दा सो राहदानीमा मन्त्रालयले तोके बमोजिमको व्यहोरा उल्लेख गरिनेछ ।

२०. अभिलेख राख्नु पर्ने : (१) विभाग वा नियोगले यस नियमावली बमोजिम जारी गरिने राहदानी तथा यात्रा अनुमतिपत्रको अभिलेख अनुसूची-५ बमोजिमको ढाँचामा राख्नु पर्नेछ ।

(२) नियोगबाट जारी भएका अस्थायी राहदानीको विवरण प्रत्येक तीन महिनामा विभागमा उपलब्ध गराउनु पर्नेछ ।

२१. राहदानी तथा यात्रा अनुमतिपत्रमा संशोधन: (१) यस नियमावली बमोजिम जारी भएको ⏭........... राहदानी वा यात्रा अनुमतिपत्रमा उल्लेख भएको विवरणमा ⏭.............. कुनै संशोधन गरिने छैन ।

---

➔ तेस्रो संशोधनद्वारा झिकिएको ।

⏭ पहिलो संशोधनद्वारा झिकिएको ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि राहदानी वा यात्रा अनुमतिपत्रमा उल्लिखित कुनै विवरण संशोधन गर्नु परेमा राहदानी वा यात्रा अनुमतिपत्र वाहकले सो प्रयोजनको लागि कारण खुलाई निवेदन दिनु पर्नेछ ।

*(३) निवेदकले राहदानी वा यात्रा अनुमतिपत्रका लागि दिएको निवेदन फाराममा टाईपिङ्गका क्रममा त्रुटीबस विवरण गलत लेखिन गएको वा कुनै विवरण लेख्न छुट हुन गएको कारणले तयार भइसकेको राहदानीमा कुनै संशोधन गर्नु परेमा ✄................ अनुसुची-४ बमोजिमको दस्तुर लिई नयाँ राहदानी जारी गर्न सकिनेछ ।

तर विभागले गलत विवरण उल्लेख गरेको कारणले कसैले नयाँ राहदानी माग गरेमा विभागले बिना दस्तुर नयाँ राहदानी जारी गर्नु पर्नेछ ।

(४) उपनियम (२) वा *(३) बमोजिम प्राप्त भएको निवेदन छानबिन गर्दा संशोधन सहित नयाँ राहदानी वा यात्रा अनुमतिपत्र जारी गर्न उपयुक्त देखिएमा नयाँ राहदानी वा यात्रा अनुमतिपत्र जारी गर्न सकिनेछ ।

२२. राहदानी प्रयोग गर्ने सम्बन्धी : (१) राहदानी वाहकले यस नियमावली बमोजिम जारी गरिएको कूटनीतिक राहदानी वा विशेष राहदानी जुन प्रयोजनको निमित्त जारी भएको हो सोही प्रयोजनको लागि मात्र प्रयोग गर्नु पर्नेछ ।

(२) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक पद धारण गरेको व्यक्तिले त्यस्तो पद धारण गरेको अवधिसम्म कूटनीतिक वा विशेष राहदानी आफूसँग राख्न सक्नेछ ।

तर नेपाल सरकारको कामको सिलसिलामा विदेश भ्रमण गर्दा बाहेक त्यस्तो राहदानीको प्रयोग गर्न सकिने छैन ।

(३) नेपाल सरकारको निर्णय बमोजिम सरकारी कामको सिलसिलामा विदेश भ्रमण गर्ने पदाधिकारीले आफ्नो ओहोदा अनुसार जारी हुने राहदानी प्रयोग गर्नु पर्नेछ ।

२३. निरीक्षण तथा सुपरीवेक्षण गर्न सकिने : (१) मन्त्रालयको सचिव वा विभागको प्रमुखले समय समयमा राहदानीको निवेदन संकलन, छानबिन, वितरण तथा अभिलेख व्यवस्थापन सम्बन्धमा विभाग, नियोग वा जिल्ला प्रशासन कार्यालयको काम कारबाहीको निरीक्षण तथा सुपरीवेक्षण गर्न वा गराउन सक्नेछ । त्यस्तो निरीक्षण तथा सुपरिवेक्षण पश्चात् मन्त्रालय समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

---

* पहिलो संशोधनद्वारा संशोधित ।

✄ दोस्रो संशोधनद्वारा झिकिएको ।

(२) उपनियम (१) बमोजिम प्राप्त प्रतिवेदन अनुसार कुनै विषयमा कमी कमजोरी सुधार गर्नु पर्ने भएमा सो विषयलाई अध्ययन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिन सकिनेछ ।

(३) उपनियम (२) बमोजिम दिएको निर्देशन पालना गर्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

२४. अस्थायी राहदानी सम्बन्धी विशेष व्यवस्था : यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो नियमावली प्रारम्भ हुँदाका बखत तत्काल मन्त्रालयले छपाई गरी प्रयोगमा ल्याएका साधारण राहदानी मौज्दातमा उपलब्ध भएसम्म अस्थायी प्रयोगका लागि जारी गर्न सकिनेछ ।

२५. निर्देशिका बनाउने अधिकार : मन्त्रालयले यस नियमावलीको कार्यान्वयनको लागि ऐन तथा यस नियमावलीको अधीनमा रही आवश्यक परिपत्र जारी गर्ने तथा निर्देशिका बनाउन सक्नेछ ।

२६. अनुसूचीमा हेरफेर गर्ने अधिकार : मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यकतानुसार हेरफेर गर्न सक्नेछ ।

२७. खारेजी तथा बचाउ : (१) राहदानी नियमावली, २०५९ खारेज गरिएकोछ ।

(२) राहदानी नियमावली, २०५९ बमोजिम भए गरेका काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

---

द्रष्टव्य : पहिलो संशोधनद्वारा रुपान्तर भएका शब्दहरु :-
(१) "कार्यालय" भन्ने शब्दको सट्टा "विभाग" ।
(२) "कार्यालय प्रमुख" भन्ने शब्दको सट्टा "महानिर्देशक" ।

## अनुसूची-१

(नियम ७ को उपनियम (१) सँग सम्बन्धित)

राहदानीको लागि  निवेदन दिन सकिने *विभाग, नियोग तथा जिल्ला प्रशासन कार्यालय

देहायको राहदानी वा यात्रा अनुमतिपत्रको लागि देहायका विभाग, नियोग वा जिल्ला प्रशासन कार्यालयमा निवेदन दिनु पर्नेछ :-

१. कूटनीतिक राहदानी वा विशेष राहदानीको लागि विभाग वा नियोगमा ।

२. साधारण राहदानीको लागि विभाग, नियोग वा निवेदकको स्थायी ठेगाना भएको ⏭................ जिल्ला प्रशासन कार्यालयमा ।

३. देहायको अवस्थामा देहायको कार्यविधि पूरा गरी सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा साधारण राहदानीको लागि निवेदन दिन सकिनेछ :-

(क) पति वा पत्नीको हकमा स्थायी बसोबास रहेको जिल्लास्थित जिल्ला प्रशासन कार्यालयमा वा निजले नागरिकता प्राप्त गरेको जिल्ला प्रशासन कार्यालयमा,

(ख) नागरिकता प्रमाणपत्र जारी भएको जिल्लाबाट बसाईसराई भै आएकाको हकमा हाल बसोबास रहेको जिल्लाको जिल्ला प्रशासन कार्यालयमा,

(ग) जन्मस्थान, ठेगाना र नागरिकता प्रमाणपत्र भिन्ना भिन्नै जिल्लाको भएमा नागरिकता प्रमाणपत्र जारी गर्ने जिल्लाको जिल्ला प्रशासन कार्यालयमा,

(घ) सरकारी कार्यालय तथा सरकारी संस्थामा कार्यरत कर्मचारी र निजका परिवारका हकमा निज कार्यरत कार्यालयको सिफारिसमा सोही जिल्लाका जिल्ला प्रशासन कार्यालय वा विभागमा ।

(ङ) *सरकारी विश्वविद्यालय तथा सरकारी विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी र निजका परिवारको  हकमा उक्त शिक्षण संस्थाहरुबाट सिफारिस भई आएमा निजहरु कार्यरत जिल्लाको जिल्ला प्रशासन कार्यालयमा,

स्पष्टीकरण: "परिवार" भन्नाले निजसँग बस्ने तथा निज आफैले पालन पोषण गर्नु पर्ने पति, पत्नी, छोरा, अविवाहित छोरी, धर्मपुत्र, अविवाहित धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्छ र सो शब्दले पुरुष र अविवाहिता महिला कर्मचारीको हकमा निजको बाजे, बज्यै तथा विवाहिता महिला कर्मचारीको हकमा निजको सासु, ससुरालाई समेत जनाउँछ ।

४. यात्रा अनुपतिपत्रको लागि विभाग वा नियोगमा ।

५. अस्थायी राहदानीको लागि नियोगमा ।

---

* पहिलो संशोधनद्वारा संशोधित ।

⏭ पहिलो संशोधनद्वारा झिकिएको ।

अनुसूची-२क.

यो अनुसूचीको स्पष्ट बुझिने गरी अन्तिम पेजमा राखिएको छ ।

अनुसूची-२ख.

यो अनुसूचीको स्पष्ट बुझिने गरी अन्तिम पेजमा राखिएको छ ।

## अनुसूची-३

(नियम ७ को उपनियम (२) सँग सम्बन्धित)

<u>राहदानी वा यात्रा अनुमतिपत्रको लागि संलग्न गर्नु पर्ने फोटोको विवरण</u>

| | |
|---|---|
| फोटोः | ६ महिनाभित्र खिचेको रंगिन |
| आकारः | ४५ मि.मी. × ३५ मि.मी. (४.५ से.मी. × ३.५ से.मी.) |
| पृष्ठभूमिः | सादा र हलुका रंग |
| अवस्थिति (Pose): | पूर्णरुपमा अगाडि फर्केको, दुवै कान देखिने, आँखाले क्यामेरा हेरेको, टाउको पूरा र काँधको केही भाग देखिने, छायां (Shadow) नदेखिने, *रातो आंखा (Red eye) नभएको, साथमा अरु व्यक्ति नभएको,* मुख बन्द भएको, चहकिलो रंगको लुगा नलगाएको |
| स्वरुप (Image) को स्थिति | अनुहारले ७० देखि ८० प्रतिशतसम्म फोटो ढाकेको |
| गुणस्तर | प्रष्ट (Sharp focused), उच्च गुणस्तरको, नखुम्चिएको, मसी वा दाग धब्बा नलागेको, स्तरीय कागजमा तथा उच्च *Resolution* मा छापिएको |
| चश्मा प्रयोग गर्नु पर्ने भएमा | आँखा प्रष्ट देखिने, मसिनो फ्रेम, प्रकाश परावर्तन (Reflection) नभएको तथा शिशा रंगीन नभएको |
| *शिरपोश* | विशेष धार्मिक, सांस्कृतिक एवं स्वास्थ्य सम्बन्धी कारण वाहेक टाउको खुला हुनु पर्ने |

अनुसूची-४

(नियम ७ को उपनियम (२) सँग सम्बन्धित)

राहदानी दस्तुर

१. साधारण राहदानीको लागि

(क) नेपालमा राहदानीको लागि निवेदन दिंदा प्रति राहदानी पाँच हजार रूपैयाँ ।

(ख) उत्तर र दक्षिण अमेरिकी देशहरु, अष्ट्रेलिया, न्यूजिल्याण्ड, जापान, दक्षिण कोरिया, इजरायल र हङ्गकङ्ग स्थित नियोगहरुमा निवेदन दिँदा प्रति राहदानी अमेरिकी डलर १५० (एक सय पचास) वा सो बराबरको स्थानीय मुद्रा ।

(ग) युरोपेली राष्ट्रहरु स्थित नियोगहरुमा निवेदन दिँदा प्रति राहदानी युरो १२० (एक सय बीस) वा सो बराबरको स्थानीय मुद्रा ।

♣(ग१) मलेसिया तथा मध्यपूर्वका मुलुक (कतार, साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स, बहराइन, ओमान, लेबनान, इराक, इरान, कुवेत, इजरायल, सिरिया, जोर्डन र यमन) स्थित नियोगहरुमा निवेदन दिँदा प्रति राहदानी अमेरिकी डलर ५० (पचास) वा सो बराबरको स्थानीय मुद्रा ।

(घ) अन्य एसियन, अफ्रिकन र बाँकी सबै देशहरु स्थित नियोगहरुमा निवेदन दिँदा प्रति राहदानी अमेरिकी डलर ८० (असी) वा सो बराबरको स्थानीय मुद्रा ।

■१क. दश वर्षभन्दा कम उमेरका नाबालकको राहदानीको लागि निवेदन दिँदा खण्ड १ बमोजिम लाग्ने दस्तुरको आधा रकम ।

२. यात्रा अनुमतिपत्रको लागि

(क) विभागबाट जारी गरिने प्रति यात्रा अनुमतिपत्र ✱चार हजार रूपैयाँ ।

(ख) नियोगबाट जारी गरिने प्रति यात्रा अनुमतिपत्र अमेरिकी डलर ४० (चालीस) वा सो बराबरको स्थानीय मुद्रा ।

---

♣ मिति २०७३।६।२ को नेपाल राजपत्रको सूचना बमोजिम थपी हेरफेर गरेको ।

■ तेस्रो संशोधनद्वारा थप ।

✱ पहिलो संशोधनद्वारा संशोधित ।

३. अस्थायी राहदानीको लागि प्रति अस्थायी राहदानी अमेरिकी डलर २० (बीस) वा सो बराबरको स्थानीय मुद्रा ।

♥४. विशेष प्रकारको (छिटो, द्रुत वा आकस्मिक) सेवा प्रदान गरी राहदानी जारी गर्दा देहायको दस्तुर लाग्नेछ :-

(क) आवेदन प्राप्त भएको २४ घण्टाभित्र जारी गर्दा पन्ध्र हजार रुपैयाा ।

(ख) आवेदन प्राप्त भएको दुई कार्यदिन भित्र जारी गर्दा बाह्र हजार रुपैयाा ।

(ग) आवेदन प्राप्त भएको तीन कार्यदिन भित्र जारी गर्दा दस हजार रुपैयाा ।

(घ) दस वर्ष भन्दा कम उमेरको नावालक भए खण्ड (क), खण्ड (ख) र खण्ड (ग) बमोजिम लाग्ने दस्तुरको आधा दस्तुर ।

(ङ) राहदानी हराई आवेदन गर्नेको हकमा खण्ड (क), खण्ड (ख) र खण्ड (ग) बमोजिम लाग्ने दस्तुरमा थप पाँच हजार रुपैयाा ।

---

♥ मिति २०७३।३।१३ को नेपाल राजपत्रको सूचना बमोजिम हेरफेर गरेको ।

अनुसूची-५

(*नियम २० को उपनियम (१) सँग सम्बन्धित)

अभिलेख सम्बन्धमा

| नम्बर | जारी मिति | बाहकको नाम, थर र ठेगाना | बाहकको नागरिकता नम्बर र जिल्ला | भौचर नम्बर | दस्तुर | बाहकको विषयमा खवर गर्नु पर्ने निकटतम व्यक्तिको नाम, थर र ठेगाना | जारी गर्ने अधिकारीको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

* पहिलो संशोधनद्वारा संशोधित ।

[📖]अनुसूची-६

(नियम १५ को उपनियम (९) सँग सम्बन्धित)

<u>यात्रा अनुमतिपत्रको नमूना</u>

**Government of Nepal**

**EMBASSY/PERMANENT MISSION/CONSULATE GENERAL/CONSULATE OF NEPAL**

**.................................….**

TD No.: DATE:

**ONE WAY TRAVEL DOCUMENT**

THE EMBASSY / PERMANENT MISSION / CONSULATE GENERAL / CONSULATE OF NEPAL AT REQUESTS AND REQUIRES ALL THOSE WHOM IT MAY CONCERN TO ALLOW MR./MS. ..................... WITH THE FOLLOWING DESCRIPTION, TO PASS FREELY, WITHOUT LET OR HINDERANCE, AND TO AFFORD HIM/HER ALL NECESSARY HELP AND COOPERATION HE/SHE MAY STAND IN NEED OF.

THIS TRAVEL DOCUMENT IS VALID TILL ................ FOR ONE WAY TRAVEL TO NEPAL AND COUNTRIES EN ROUTE.

---

📖 पहिलो संशोधनद्वारा थप ।

**<u>DESCRIPTION</u>**

NAME :

ADDRESS :

SEX :

DATE OF BIRTH :

OLD PASSPORT NO.:

**PHOTOGRAPH**

ISSUING AUTHORITY:

NAME:

SIGNATURE:

STAMP

SIGNATURE OF THE ISSUING AUTHORITY